स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



के 'आबाट आमा' अभिनेता पल शाहको फिल्म करिअरमा सर्वाधिक कमाउने फिल्म बन्ला ? के अनमोल केसी स्टारर 'जेरी अन टप' लाई उछिनेर यो फिल्म २०८२ सालमा दोस्रो धेरै कमाउने फिल्म बन्ला ? सम्भावना बलियो छ। आइतबार दिउँसोसम्म सिनेपा: बक्सअफिसमा १२ करोड २५ लाख रुपैयाँ ग्रस कमाइसकेको फिल्मले माथि प्रस्तुत दुबै रेकर्ड राख्ने बलियो सम्भावना देखिएको छ। फिल्मको आँकडालाई उछिन्ने निश्चितजस्तै छ।

**आजको विचार...**



इरान...
(दुई पेजमा)

गणेश अम्गाई



अभिनेता विपिन कार्कीले शनिबार दिउँसो फेसबुकमा एउटा फोटो पोस्ट गरे। 'पहिरनले मात्र चरित्रको निर्धारण गर्दैन' भन्दै उनले उक्त फोटो सेयर गरेका थिए। यसबाहेक धेरै कुरा खुलाएका छैनन्। उनको यो फोटो अर्थपूर्ण पनि देखिन्छ। ५७ हजारभन्दा धेरै लाइक, १५ हजार कमेन्ट र १८३ पटक यसको सेयर भएको छ। प्रशंसकदेखि फिल्मकर्मीले विपिनको यो हुलियाको प्रशंसा गरेका छन्। हुन पनि, उनी जुनसुकै चरित्रलाई जीवन्तरुपमा चित्रण गर्नसक्ने निपुण अभिनेता हुन्।

❐ वर्ष ३१ ❐ अंक २१३ ❐ २०८२ फागुन १८ गते आइतबार 2 March 2025, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सदभाव र रंगको पर्व होली : आज पहाडी क्षेत्रमा उल्लासपूर्वक मनाइँदै

**हाम्रा संवादाता**

**पाल्पा,** फागुन १७/सदभावन र रङ्गहरुको पर्व होली आज देशको पहाडी भेगमा उल्लाहसपूर्वक मनाइँदै छ । फागुन शुक्ल पूर्णिमाका दिनमा पर्ने यो पर्व मंगलबार भने तराईमा मनाइन्छ । आफन्त मिलेर रङ, पानी खेलेर खुसी साट्ने होलीपर्वको विशेषता हो ।

मुख्यगरी दुई दिन यो पर्व मनाउने गरिए पनि यसको औपचारिक सुरुआत भने होलीको चीर ठड्याएको दिनदेखि नै हुन्छ । यो पर्वले हरेक वर्ष वसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावनाको सन्देश लिएर आउने गर्दछ । वसन्त ऋतुको आगमनलाई स्वागत गर्न भनेर फागुन शुक्ल अष्टमीदेखि पूर्णिमासम्म होली खेल्ने परम्परा छ । होलिकै भोलिपल्टबाट ऋतुराज वसन्तको आगमन हुने विश्वास रहेको छ । असत्यमाथि सत्यको, अन्यायमाथि न्यायको र दुराचारमाथि सदाचारको विजय भएको खुसियालीमा मनाइने




होली पर्वमा सम्पूर्ण रिसराग परित्याग गरी प्रेमभाव र आत्मीयताका साथ आफन्तजन एवं साथीसङ्गीहरूसँग एकापसमा अबिर तथा रङ दलेर रमाइलो गर्ने परम्परा छ । विशेषगरी, तराईमा विशेष उल्लासका साथ मनाइने होली पछिल्लो समयमा पहाडमा पनि नाचगान गरेर, साथीभाइ एकआपसमा मिलेर मनाउने गरिन्छ । आसुरी शक्तिकी द्योतक होलिकालाई आगोले भस्म गरी सत्यवादी भक्त प्रल्हादको उद्धारको कथा, भगवान् कृष्ण र नग्न अवस्थामा गोपिनीले नुहाउँदाको प्रसंग तथा कामदेव र रतीको प्रेमकथालगायतका प्रसंग होलीसँग जोडिएको कुरा धार्मिक ग्रन्थमा उल्लेख छ । नेपाल, भारत र अन्य राष्ट्रमा हिन्दू तथा गैरहिन्दूहरूका लागि होली महत्वपूर्ण पर्व हो । होली पर्व खासगरी नेपाली तथा भारतीयहरूले प्रत्येक वर्षको फागुन शुक्ल पूर्णिमाका दिनमा मनाइने प्रमुख चाड हो । हिन्दू संस्कृतिअनुसार यसको इतिहास त्रेता युगसँग जोडिएको छ । त्रेता युगमा भगवान् विष्णुका परम् भक्त पह्लादसँग यस चाडलाई जोडेर हेरिन्छ । हिरण्यकश्यपुका पुत्र प्रह्लादलाई आफ्नै बहिनी (प्रल्हादकी फुपू) होलिकाले आगोमा भष्म पार्न लाग्दा होलिका आफैं आगोमा भष्म भएकी थिइन् र विष्णु भक्त प्रल्हादलाई केही नभएको त्यही दिनको सम्झनामा होली पर्व मनाउन सुरु भएको मानिन्छ ।वास्तवमा भन्ने हो भने होलीले मानिस अनि रंगहरूबीचको सम्बन्ध अनि रंगले पार्ने उत्साहजनक प्रभाव पार्छ भन्ने मान्यता राखिन्छ । होलीका दिन मानिसहरूले एक-अर्कामाथि विभिन्न प्रकारका रंगहरू हालेर एक-अर्कालाई रंगीन बनाउँछन् । फागु पर्वका उपलक्ष्यमा परम्परादेखि सरकारले सार्वजनिक बिदा दिँदै आएको छ । यो चाडमा विशेष गरी थकालीहरू रङ्गी बिरङ्गी पोसाकमा सजिएर स-परिवार भेला भई तिर हान्ने प्रतियोगिता गर्छन् । आज पहाडदेखि तराई र गाउँदेखि सहरसम्मका केटाकेटी, युवायुवती तथा प्रौढहरू हातमा रङ र रंगीन घोल पदार्थ लिएर गाउँदै, बजाउँदै, रमाइलो र होहल्ला गर्दै आपसी रिसईबीलाई बिर्सेर उत्साह र उमङ्गका साथ मनाउँदै छन् । विशेष सांस्कृतिक कार्यक्रमहरू र त्यसमाथि रङहरूको वर्षाले सहरको होली अझै रमाइलो र राम्रो देखिन्छ । होलीमा पानी छ्याप्ने, अबिर, केशरीलगायत रङ लगाउने चलन छ । तर पछिल्लो समय पर्वका नाममा होली खेल्न मन नहुने वा होली नखेलेका व्यक्तिलाई जबर्जस्ती रंग लगाइदिने गरिन्छ ।


### संक्षिप्त समाचार

### इरान सङ्कट चर्कियो खामेनीको मृत्यु पुष्टि

**(रासस/एएफपी)**

**पेरिस,** फागुन १७/संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि व्यापक हवाई आक्रमण थालेपछि मध्यपूर्व अभूतपूर्व तनावमा धकेलिएको छ । आक्रमणकै क्रममा इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको मृत्यु भएको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले घोषणा गरेका छन् भने इरानी सरकारी टेलिभिजनले आइतबार बिहान त्यसको पुष्टि गरेको छ । घटनाक्रमले क्षेत्रीय युद्धको जोखिम तीव्र बनाएको छ । शनिबार बिहान सुरु भएको अमेरिका-इजरायलको संयुक्त सैन्य अभियानमा तेहरानसहित विभिन्न स्थानका रणनीतिक लक्ष्यहरूमा प्रहार गरिएको जनाइएको छ । इजरायली सेनाले २०० लडाकू जेट परिचालन गरी ५०० भन्दा बढी लक्ष्यमा आक्रमण गरिएको दाबी गरेको छ । वरिष्ठ इरानी अधिकारीहरू भेला भएका स्थानहरू र मिसाइल लन्चरहरू मुख्य निशानामा परेको बताइएको छ । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले थप हजारौं लक्ष्यमा कारबाही जारी रहने चेतावनी दिएका छन् । यसैबीच, राष्ट्रपति ट्रम्पले आफ्नो ट्रुथ सोसल सञ्जालमार्फत 'आसन्न खतराहरू उन्मूलन गर्न' अभियान सुरु गरिएको उल्लेख गर्दै आवश्यक परेसम्म भारी र सटीक बमबारी जारी रहने बताएका छन् ।

### एमाले उम्मेदवार आचार्यलाई पितृशोक



**पाल्पा,** फागुन १७/नेकपा एमाले पाल्पा क्षेत्र नम्बर १ प्रतिनिधिसभा सदस्यका उम्मेदवार नारायणप्रसाद आचार्यलाई पितृशोक परेको छ । उनका पिता दिल्लीप्रसाद आचार्यको ९२ वर्षको उमेरमा आइतबार निधन भएको हो ।

स्वर्गीय आचार्यको अन्तिम संस्कार कालीगण्डकी नदीस्थित रामनदीधाममा गरिने पारिवारिक स्रोतले जनाएको छ । उम्मेदवार आचार्य आृनो निर्वाचन क्षेत्रमा चुनावी प्रचारप्रसार तथा घरदैलो कार्यक्रममा व्यस्त रहेकै समयमा पिता आचार्य निधन भएको हो । स्वर्गीय आचार्यका चार छोरा र ३ छोरी छन् । एमालेका उम्मेदवार आचार्यका बुवाको निधनप्रति सोही क्षेत्रका नेपाली काङ्ग्रेसका उम्मेदवार सन्दीप रानाले दुख व्यक्त गरेका छन् । रानाले सामाजिक सञ्जाल मार्फत दु:ख व्यक्त गर्दै पुज्य बुवाको पुण्यात्माले चिर शान्ति प्राप्त गरुन् भन्ने कामना गरेका छन् । रानाले शोकसन्तब्ध सम्पुर्ण परिवारजनमा गहिरो समबेदना व्यक्त गरे । साथै, आइतबार दिउँसो बेझाड बजारमा हुने चुनाबी प्रचार सभा तथा घरदैलो कार्यक्रम समेत स्थगित गरिएको पनि उनले बताएका छन् ।

### निर्वाचन नजिकिँदै गर्दा आर्थिक चलायमान : दैनिक उपभोग्य वस्तुको माग उच्च

**घोराही (दाङ),** फागुन १७/प्रतिनिधिसभाको चुनाव नजिकिँदै गर्दा बजार क्षेत्रमा ट्राफिक व्यवस्थापन तथा सुरक्षाकर्मीको उपस्थिति बढाइएको छ । यसले सर्वसाधारणलाई आवतजावतमा सहजता हुने गरेको छ । चुनावी सरगर्मीले दाङका सहर तथा ग्रामीण क्षेत्रलाई राजनीतिक रूपमा तताएको छ ।



बजारमा चहलपहल बढेको छ, सवारीसाधनको चाप वृद्धि भएको छ र केही व्यवसायमा अस्थायी सुधार देखिएको छ । तर, व्यवसायीको अपेक्षाअनुसार व्यापक आर्थिक चलायमानता भने अझै देखिन बाँकी छ । अब चुनावको मिति झन् नजिकिँदै जाँदा बजारले कस्तो गति लिन्छ भन्नेमा सबैको चासो केन्द्रित भएको छ । चुनावको मिति नजिकिँदै जाँदा जिल्लाका सहरबजारदेखि ग्रामीण बस्तीसम्म राजनीतिक गतिविधि तीव्र बन्दै गएको छ । फागुन २१ गते हुने निर्वाचनका उम्मेदवार मतदाता भेटघाटमा सक्रिय बनेका छन् ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## होली पर्व : संस्कृति जोगाऔं, सभ्य बनौं

रंगहरुको पर्व होली अर्थात् फागु पूर्णिमा आज र भोलि धुमधामका साथ मनाइँदैछ । काठमाडौं उपत्यकासहित पहाडी भू–भागमा आज र तराईमा भोलि होली मनाइँदैछ । विभिन्न थरीका रंगले खुसी अनि जीवन रंगीन बनाउने, हिन्दूहरूको प्रमुख पर्वको रुपमा रहेको होली पर्व हिन्दू संस्कृतिमा प्रत्येक वर्षाको फागुन शुक्ल पूर्णिमा अर्थात् होली पूर्णिमाको दिन मनाइन्छ । अन्य ठूला–ठूला चाड जस्तै रमाइलो गरी मनाइँने होली नेपाल, भारत तथा अन्य राष्ट्रमा रहेका हिन्दूहरूको एउटा महत्वपूर्ण चाड हो । वसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावनाको सन्देश लिई आउने यो पर्व असत्यमाथि सत्यको विजयको प्रतीक, पारिवारिक एवं सामाजिक एकताका रुपमा मनाउने प्रचलन रही आएको छ । हिन्दू धर्म मान्नेहरुको बाहुल्य भएको नेपालमा होलीको रौनक पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म भव्य हुन्छ ।

विसंगतिहरूलाई उडाउँदै नयाँ वर्षाको सुखद शुभारम्भ होलीको दिनबाट हुन्छ । होलीले समाजमा आपसी रिस, द्वेष र वैमनस्यताहरूलाई बिर्साएर सद्भाव र मेलमिलापका साथ अगाडि बढाउने मान्यता छ । यद्यपी होलीको नाममा कसैको इच्छा विपरीत रंङ छ्याप्ने, लोला हान्ने, फोहोर पानीमा मोबिल लगायत वस्तु राखेर बाटोमा खेल्ने गरिन्छ । यो चाँहि राम्रो होइन् । यस्ता गतिविधिले संस्कृतिको जगेर्ना नभई बदनामी मात्र गर्दछ । देश भित्र बसोवास गर्ने अधिकांश समुदायको साँस्कृतिक पर्वका रुपमा रहेको होलीलाई मनोरञ्जनका रुपमा मात्र मनाउँदा विकृतपूर्ण बन्दै गएको छ । यसका लागि युवावर्ग सचेत हुन आवश्यक छ । आखिरमा यसपर्वको उद्देश्य एकआपसमा भाइचारा बढाउने, असत्यमाथि सत्यको विजय, खुसीयाली बाँड्नु नै हो । यसर्थ पर्वको नाममा भित्रिएका विभिन्न खालका नकारात्मक विकृति विसंगतिको अन्त्य गर्दै सकारात्मक सोंचका साथ निःस्वार्थ भावनाले आफ्नो घरपरिवार, आफन्त, साथीभाइ, छिमेकी एक आपसमा हाँस्दै, रमाउदै माया, प्रेम साट ासाट गरेर मर्यादित तरिकाले यस वर्षाको होली पर्व मनाऔं । यस्ता पर्व पूर्खाले सुम्पेका सम्पत्ति हुन् । यिनलाई जोगाउन सकिएन भने पर्वको महत्व कम हुँदै जानेछ । तसर्थ होली पर्वलाई सभ्य र सुसंस्कृति तरिकाले मनाऔं सबैमा होलीको शुभकामना !

### Opinion @ Social Network

पैसा बिना को रहर र
आमा बिनाको सहर एउटै रहेछ ।
*(सागर सारुको फेसबुक स्टाटसबाट www.facebook.com/Sagar.Saru)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# इरान–यूएस तनावः नेपालमा कस्तो पर्ला भू–राजनीतिक बाछिटा ?



**गणेश अम्गाई**

*अमेरिकाले इरानको अर्थतन्त्र र सैन्य क्षमतालाई पूर्ण रूपमा ध्वस्त पार्न बहुआयामिक रणनीतिहरू अवलम्बन गरिरहेको छ। उसले इरानी तेल निर्यातमा कडा प्रतिबन्ध लगाउनुका साथै अन्तर्राष्ट्रिय बैंकिङ प्रणालीबाट इरानलाई अलग गरेर आर्थिक रूपमा गलाउने नीति लिएको छ । सैन्य रूपमा इरानका आणविक केन्द्रहरूमा लक्षित हवाई हमला गर्ने र साइबर प्रविधि मार्फत त्यहाँका पूर्वाधारहरू ठप्प पार्ने प्रयासहरू भइरहेका छन् ।*

संयुक्त राज्य अमेरिका र इरान बीचको दशकौं लामो शत्रुता सन् २०२६ को सुरुवातसँगै एक अत्यन्तै डरलाग्दो र निर्णायक मोडमा आइपुगेको छ। यी दुई राष्ट्र बीचको ऐतिहासिक अविश्वासको जरा सन् १९५३ को कूटनीतिक कू र सन्१९७९ को इस्लामिक क्रान्तिसम्म फैलिएको छ, जसले गर्दा आज यो क्षेत्र युद्धको विस्फोटक संघारमा उभिएको छ । हालैका महिनाहरूमा अमेरिकाले मध्यपूर्वका सामरिक जलक्षेत्रहरूमा आफ्ना शक्तिशाली विमानवाहक युद्धपोतहरू तैनाथ गरेर इरानमाथि अधिकतम सैन्य दबाब सिर्जना गरेको छ । अर्कोतर्फ, इरानले पनि आफ्ना भूमिगत मिसाइल शहरहरूलाई सक्रिय पार्दै र हर्मुज जलसन्धि जस्ता रणनीतिक मार्गहरू बन्द गर्ने चेतावनी दिएर सम्भावित प्रतिकारको पूर्ण तयारी गरेको देखिन्छ । यो तनाव केवल दुई देशको सिमानामा मात्र सीमित नभएर यसले विश्वव्यापी शक्ति सन्तुलन, ऊर्जा सुरक्षा र अन्तर्राष्ट्रिय कूटनीतिलाई नै गम्भीर चुनौती दिएको छ । यदि यो तनाव युद्धमा परिणत भयो भने यसले आधुनिक इतिहासकै सबैभन्दा विनाशकारी क्षेत्रीय द्वन्द्वको रूप लिने निश्चित छ, जसको पराकम्पबाट विश्वको कुनै पनि कुना अछुतो रहने छैन । अमेरिकाले इरानको अर्थतन्त्र र सैन्य क्षमतालाई पूर्ण रूपमा ध्वस्त पार्न बहुआयामिक रणनीतिहरू अवलम्बन गरिरहेको छ। उसले इरानी तेल निर्यातमा कडा प्रतिबन्ध लगाउनुका साथै अन्तर्राष्ट्रिय बैंकिङ प्रणालीबाट इरानलाई अलग गरेर आर्थिक रूपमा गलाउने नीति लिएको छ । सैन्य रूपमा इरानका आणविक केन्द्रहरूमा लक्षित हवाई हमला गर्ने र साइबर प्रविधि मार्फत त्यहाँका पूर्वाधारहरू ठप्प पार्ने प्रयासहरू भइरहेका छन्। साथै, अमेरिकाले इजरायल र अन्य अरब राष्ट्रहरूसँग मिलेर इरान विरोधी एउटा बलियो क्षेत्रीय मोर्चा निर्माण गरेको छ, जसले तेहरानलाई कूटनीतिक रूपमा एक्लो पार्ने काम गरिरहेको छ । अमेरिकाको यो रणनीति इरानभित्रको आन्तरिक असन्तुष्टिलाई उचालेर त्यहाँको शासन व्यवस्था नै परिवर्तन गर्ने लक्ष्यमा केन्द्रित देखिन्छ । यसका लागि उसले गुप्तचर निकायहरू र मनोवैज्ञानिक युद्धको समेत भरपूर प्रयोग गरिरहेको छ, जसले गर्दा इरानी नेतृत्व माथि चौतर्फी दबाब सिर्जना भएको छ । इरानले पनि अमेरिकी दबाबका विरुद्ध आफ्नो अस्तित्व रक्षाका लागि अत्यन्तै चलाख र आक्रामक प्रतिरक्षात्मक संयन्त्रहरू तयार पारेको छ । उसले मध्यपूर्वमा आफ्ना सहयोगी लडाकु समूहहरूको एउटा विशाल सञ्जाल निर्माण गरेको छ, जसलाई प्रतिरोधको अक्ष भनिन्छ। यदि इरान माथि प्रत्यक्ष आक्रमण भएमा यी समूहहरूले विभिन्न देशहरूबाट अमेरिकी र इजरायली सैन्य आधारहरू माथि भीषण हमला गर्ने क्षमता राख्छन् । इरानसँग मध्यपूर्वमै सबैभन्दा ठूलो ब्यालिस्टिक मिसाइल र अत्याधुनिक ड्रोनहरूको भण्डार छ, जसलाई उसले पहाड मुनिका सुरक्षित सुरुङहरूमा लुकाएर राखेको छ । हर्मुज जलसन्धिमा उसको नियन्त्रण हुनु नै उसको सबैभन्दा ठूलो सामरिक शक्ति हो, किनकि यस मार्गबाट हुने तेल आपूर्ति रोकिने बित्तिकै विश्व अर्थतन्त्रमा हाहाकार मच्चिनेछ । इरानले रूस र चीनसँगको रणनीतिक साझेदारीलाई बलियो बनाएर अमेरिकी प्रतिबन्धहरूलाई समेत चुनौती दिइरहेको छ, जसले गर्दा ऊ पूर्ण रूपमा झुक्ने अवस्थामा देखिँदैन । यो द्वन्द्वमा विश्वका प्रमुख शक्ति राष्ट्रहरूको भूमिकाले युद्धको दिशा र परिणामलाई निर्धारण गर्नेछ । रूस र चीनले इरानलाई प्रत्यक्ष सैन्य सहयोग नगरे पनि अत्याधुनिक हतियार आपूर्ति र कूटनीतिक ढाल बनेर सहयोग गरिरहेका छन् । संयुक्त राष्ट्रसंघमा अमेरिकाले ल्याउने कडा प्रस्तावहरूलाई भिटो प्रयोग गरेर रोक्ने र इरानको तेल किनेर उसको अर्थतन्त्रलाई टेको दिने काम चीनले गरिरहेको छ । रूसले आफ्ना सैन्य सल्लाहकारहरू र गुप्तचर सूचनाहरू इरानलाई उपलब्ध गराएर अमेरिकी रणनीतिको प्रतिकार गरिरहेको छ । यस्तो अवस्थामा यो द्वन्द्व विस्तारै विश्वका ठूला शक्तिहरू बीचको अप्रत्यक्ष युद्धमा परिणत हुने खतरा बढेको छ । रूस र चीनको संलग्नताले अमेरिकालाई इरानमाथि सहजै सैन्य विजय प्राप्त गर्न असम्भव तुल्याएको छ, जसका कारण यो संकट झनै जटिल र समाधानविहीन बन्दै गइरहेको छ । इजरायल यस युद्धमा अमेरिकाको सबैभन्दा सक्रिय र मुख्य साझेदारका रूपमा उभिएको छ। इरानको आणविक कार्यक्रमलाई आफ्नो अस्तित्वको लागि खतरा मान्ने इजरायलले इरानी आणविक केन्द्रहरूमा प्रत्यक्ष हवाई हमला गर्ने र त्यहाँका वैज्ञानिकहरूलाई लक्षित गरी जासुसी कारबाही गर्ने रणनीति लिएको छ । इजरायलको अत्याधुनिक मिसाइल प्रतिरक्षा प्रणाली र जासुसी संयन्त्र मोसादले अमेरिकी सेनालाई प्रत्यक्ष सहयोग पुऱ्याइरहेका छन् । अर्कोतर्फ, साउदी अरब र संयुक्त अरब इमिरेट्स जस्ता मुस्लिम राष्ट्रहरू दोहोरो दबाबमा छन् । उनीहरू इरानको क्षेत्रीय प्रभाव घटाउन चाहन्छन् तर युद्ध भएमा आफ्नै भूमि इरानी मिसाइलको निशाना बन्ने डरले उनीहरू खुल्ला रूपमा युद्धको पक्षमा उभिन हिचकिचाइरहेका छन् । कतार र ओमान जस्ता राष्ट्रहरूले भने दुवै पक्षबीच मध्यस्थता गरेर युद्ध रोक्ने प्रयास गरिरहेका छन्, जसले मध्यपूर्वमा एउटा कूटनीतिक सन्तुलन कायम राख्न मद्दत गरिरहेको छ । यदि यो तनाव युद्धमा परिणत भयो भने विश्वले अभूतपूर्व आर्थिक र सुरक्षा चुनौतीहरूको सामना गर्नुपर्नेछ । हर्मुज जलसन्धि बन्द हुँदा विश्व बजारमा तेलको मूल्य आकाशिनेछ, जसले गर्दा हरेक राष्ट्रमा महँगी र आर्थिक मन्दीको लहर छाउनेछ । यातायात, ढुवानी र उत्पादन लागत बढ्दा न्यून आय भएका देशहरूको अर्थतन्त्र पूर्ण रूपमा धरासायी हुन सक्छ । साइबर युद्धले अन्तर्राष्ट्रिय बैंकिङ प्रणाली, विद्युत् सेवा र सञ्चार सञ्जाललाई अस्तव्यस्त बनाइदिने खतरा छ । युद्धका कारण लाखौंको संख्यामा विस्थापित हुने शरणार्थीहरूको व्यवस्थापन छिमेकी देश र युरोपका लागि ठूलो बोझ बन्नेछ। यस द्वन्द्वले विश्वव्यापी आपूर्ति प्रणालीलाई छिन्नभिन्न बनाउनेछ, जसले गर्दा खाद्यान्न र औषधिको चरम अभाव हुन सक्छ । यस्तो परिस्थितिमा विश्वले फेरि एकपटक एउटा ठूलो मानवीय संकटको सामना गर्नुपर्ने निश्चित छ । नेपाल जस्तो वैदेशिक रोजगारी र रेमिट्यान्समा निर्भर देशका लागि यो युद्ध एक विनाशकारी भूकम्प जस्तै हुनेछ । मध्यपूर्वका विभिन्न देशहरूमा कार्यरत करिब २० लाखभन्दा बढी नेपाली श्रमिकहरूको सुरक्षा र जीवन सबैभन्दा ठूलो चिन्ताको विषय बन्नेछ । युद्ध फैलिएमा उनीहरूको कार्यक्षेत्र असुरक्षित हुने र उनीहरूलाई स्वदेश फर्काउनुपर्ने बाध्यता आइपर्नेछ। यसले नेपाल भित्रिने रेमिट्यान्सको प्रवाहलाई ठप्प बनाउनेछ, जुन नेपालको विदेशी मुद्रा सञ्चितिको मुख्य स्रोत हो। रेमिट्यान्स रोकिने बित्तिकै नेपालको अर्थतन्त्रमा गम्भीर संकट उत्पन्न हुने र बेरोजगारीको समस्या विकराल बन्ने देखिन्छ । नेपालले आफ्ना नागरिकको सुरक्षा र उद्धारका लागि अहिलेदेखि नै ठोस कार्ययोजना र संकटकालीन कोषको व्यवस्था गर्न ढिलाइ गर्नुहुँदैन, अन्यथा यो संकटले सामाजिक अस्थिरता समेत निम्त्याउन सक्छ । आर्थिक प्रभावका अतिरिक्त नेपालमा इन्धनको संकट र महँगीले जनजीवनलाई अत्यन्त कष्टकर बनाउनेछ । नेपाल पूर्ण रूपमा आयातित पेट्रोलियम पदार्थमा निर्भर रहेकाले अन्तर्राष्ट्रिय बजारमा हुने तेलको मूल्य वृद्धिले सिधै उपभोक्ताको खल्तीमा असर पार्नेछ। पेट्रोल, डिजल र खाना पकाउने ग्यासको अभावले यातायात प्रणाली र भान्साको लागत दोब्बर बनाइदिनेछ । यसले गर्दा खाद्यान्न लगायतका अत्यावश्यक वस्तुहरूको मूल्य अत्यधिक बढ्नेछ । नेपालले यो संकटबाट बच्न जलविद्युतको प्रयोगलाई व्यापक बनाउने र विद्युतीय सवारी साधनहरूलाई युद्धस्तरमा प्रोत्साहन गर्ने नीति लिनुपर्छ । साथै, राष्ट्रिय खाद्य भण्डारणलाई सुदृढ बनाउँदै आत्मनिर्भर अर्थतन्त्रको दिशामा कदम चाल्नु अबको अनिवार्य आवश्यकता बनेको छ । इन्धनमाथिको परनिर्भरता घटाउनु नै नेपालका लागि यस्ता बाह्य संकटहरूबाट जोगिने एक मात्र दीर्घकालीन उपाय हो । कूटनीतिक रूपमा नेपालले यस द्वन्द्वमा अत्यन्तै सन्तुलित र तटस्थ भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । नेपालको असंलग्न परराष्ट्र नीतिलाई पालना गर्दै कुनै पनि शक्ति राष्ट्रको पक्ष नलिई शान्तिपूर्ण वार्ताको पक्षमा आवाज उठाउनु बुद्धिमानी हुनेछ । भारत र चीनको भूमिकाले पनि नेपालको सुरक्षा र आपूर्ति व्यवस्थामा प्रत्यक्ष असर पार्ने हुनाले यी दुवै छिमेकीसँग निरन्तर संवादमा रहनुपर्छ । युद्धको समयमा फैलिने भ्रमपूर्ण समाचार र साइबर सुरक्षाका चुनौतीहरूलाई सामना गर्न सरकारी संयन्त्रहरूलाई चुस्त र दुरुस्त राख्नुपर्छ । नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा युद्धभन्दा संवादको मार्ग रोज्न आह्वान गर्दै आफ्नो सार्वभौमसत्ता र राष्ट्रिय हितको रक्षा गर्नुपर्छ । साना राष्ट्रहरूका लागि यस्ता ठूला द्वन्द्वहरूमा तटस्थता र कूटनीतिक चातुर्यता नै सबैभन्दा ठूलो सुरक्षाकवच सावित हुन सक्छ । अन्त्यमा, अमेरिका र इरान बीचको यो तनावले विश्वलाई एक अनिश्चित भविष्यतर्फ धकेलिरहेको छ । यो केवल दुई राष्ट्रको शक्ति प्रदर्शन मात्र नभएर मानव सभ्यता र विश्व शान्तिको लागि एउटा ठूलो चुनौती हो । युद्धले कसैको पनि भलो गर्दैन र यसको मार अन्ततः सर्वसाधारण जनतामा नै पर्नेछ । विश्व समुदायले अझै पनि कूटनीतिक माध्यमबाट यो संकट टार्न सक्ने सम्भावनाहरू बाँकी नै छन्, जसका लागि इमानदार र निष्पक्ष वार्ताको आवश्यकता छ । नेपाल जस्ता राष्ट्रहरूले आृनो आन्तरिक तयारीलाई बलियो बनाउँदै सम्भावित जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्नुपर्छ। इन्धनको वैकल्पिक स्रोतको खोजी, नागरिकको सुरक्षा र आर्थिक विविधीकरण नै आजको मुख्य प्राथमिकता हुनुपर्छ । विश्वका शक्तिशाली राष्ट्रहरूले संयमता अपनाएर युद्धको बाटो त्याग्नु नै सम्पूर्ण मानव जातिको हितमा हुनेछ, अन्यथा सन् २०२६ को यो तनावले इतिहासमा एउटा कालो अध्याय थप्ने निश्चित छ ।

*–अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७ |
| बुटवल ०७१–५४०२२२ | भिमअस्पताल भैरहवा ०७१–५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९–५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१–५४००८१ |
| बुटवल रामनगर ०७१–५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१ |
| भैरहवा ०७१–५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४ | दV अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७–५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१ | रामपुर अस्पताल: ०७५–४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९–५२०१९९ | पिचन्द्र परासी ०७८–५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८–५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१–५२०२६५ | रोटरी क्लब बुटवल ०७१–५४४६०० | बनगाई क्लब बनगाई ०७६–६९०१०२ |
| तौलिहवा ०७६–५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७ | लियो क्लब अफ बुटवल ०७१–५४५८९३ | रेडक्रस देवदह ०७१–५७७०९९ |
| पाल्पा ०७५–५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८ | रेडक्रस भैरहवा०७१–५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४० |
| इप्रका रामपुर ०७५–६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२०० | रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५० | परासी ०७८–५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५–५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१–५४६४३२ | रेडक्रस पाल्पा ०७५–५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६–५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पढाइ लेखाईमा बाधाहरू आउन सक्छ साथै उल्झनहरू बढ्नेछ। | **तुला** : रोकिएको कार्य सम्पादन हुनेछ। आर्थिक पक्ष सबल रहनेछ। |
| **वृष** : मनमा हर्ष उमंग र उत्साह छाउने छ। नयाँ कुरा सिक्ने मौका मिल्नेछ। | **वृश्चिक** : आफ्ना कमजोरीहरूलाई पहिचान गरेर सुधार गर्ने समय रहेको छ। |
| **मिथुन** : धैर्य र पराक्रममा उल्लेखनीय वृद्धि हुनेछ।समस्याहरू सुल्झिनेछन्। | **धनु** : आफ्ना कमजोरीहरूलाई पहिचान गरेर सुधार गर्ने समय रहेको छ। |
| **कर्कट** : विचारलाई प्रभावशाली ढंगले प्रस्तुत गर्न सकिनेछ। व्यवसायमा लाभ रहनेछ। | **मकर** : स्थाबाट लाभ लिन सकिएला। प्रतिस्पर्धात्मक परीक्षामा सफलता मिल्नेछ। |
| **सिंह** : समयमा कार्य सम्पादन गर्न सकिनेछ। वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ। | **कुम्भ** : कार्यक्षेत्रमा नयाँ अवसर प्राप्त भएतापनि परिस्थिति केही जटिल हुनसक्छ। |
| **कन्या** : शत्रु पक्ष र प्रतिस्पर्धीहरू सक्रिय भएतापनि विजयी हजुरको हुनेछ। | **मीन** : अभिव्यक्तिको कलामा निखार आउने छ भने शैक्षिक क्षेत्रमा प्रगति हुनेछ । |

# शिक्षा

## वनकरिया बस्तीमा बढ्दैछ शिक्षातर्फको आकर्षण




बागमती पढ्ने उमेर भए पनि मकवानपुरको मनहरी गाउँपालिका-४ वनकरिया बस्तीका ९ वर्षीय रजनी वनकरिया विद्यालय जाँदैनथे । घरदेखि करिब ५०० मिटरकै दूरीमा विद्यालय भए पनि विद्यालय नगई घरमै खेलेर समय विताउँथे तर अहिले बिहान हुनेबित्तिकै झोलामा कपी-किताब बोकेर पढ्न विद्यालय जान थालेका छन् । कुनै बेला पर्साको मध्यवर्ती क्षेत्र चुरेघाँचमा फिरन्ते जातका रुपमा चिनिने लोपोन्मुख वनकरिया जातिलाई सरकारले २०६२ सालमा जङ्गली जीवनबाट मानव बस्तीमा सारेको थियो । जिल्ला वन कार्यालयले कबुलियती वन समूहअन्तर्गत नौ हेक्टर क्षेत्रफलमा रहेको उक्त बस्तीमा २४ घरपरिवार वनकरिया समुदायको वसोवास गराएको छ । त्यही ठाउँमा ती जातिका मानिस करिब २० वर्षदेखि बन्दै आएका थिए । विसं २०७८ को जनगणनाअनुसार वनकरिया जातिको कुल जनसङ्ख्या १८० र मतृभाषा बोल्ने जनसङ्ख्या ८६ मात्र छ । वनकरिया जातिको नेपालको त्यो बस्तीमा मात्र बसोबास रहेको वनकरिया समुदायकी अगुवा सन्तोषी वनकरियाले बताए। उक्त बस्तीमा हाल ४५ महिला र ४६ पुरुष गरी ९१ जना वनकरिया रहेको उनको भनाइ छ । केही वर्षअघिसम्मका फिरन्ते वनकरियाले अहिले खेतीपातीसँगै कुखुरा, बाख्रा र भैँसी पालेका छन् भने कोही ज्याला मजदुरीको काम गर्छन् । आमा-बुबा खेतीपाती र पशुपालनमा व्यस्त हुँदा दिनभरि खेलेरै दिन बिताउँदै आएका सोही बस्तीका सात वर्षीय सौरभ वनकरियाको पनि अहिले दिनचर्या फेरिएको छ । रजनीसँगै सौरभ पनि अहिले घर नजिकैको चेपाङ आधारभूत विद्यालय जान थालेका छन् । रजनी र सौरभ मात्र होइन, पछिल्लो समय वनकरिया बस्तीका बालकालिकाको शिक्षाप्रतिको आकर्षण बढ्दै गएको छ । अहिले सो बस्तीका सात जना बालबालिका चेपाङ आधारभूत विद्यालयमा अध्ययनरत छन्भने चार जना श्रीपशुपतिनाथ माध्यमिक विद्यालय मसिने गोलघरमा अध्ययनरत रहेको सो बस्तीका अगुवा सन्तोषी वनकरियाले बताए । म करिब १० वर्षको छँदा २०६३ सालमा पहिलोपटक विद्यालय पुगेकी थिएँ", सन्तोषीले चने, त्यति खेर मानिसहरु वनकरिया भनेर अचम्म मानेर हेर्थे, स्कुलमा सरहरु पनि देख्दा मलाई डर लाग्थ्यो, कहिल्यै त्यसरी अन्य समुदायका मान्छेहरुसँग संगत गरेको थिइन् ।" विस्तारै स्कुल सहज हुँदै गएको र २०७३ सालमा आफूले एसइई परीक्षा उत्तीर्ण गरेको उनले सुनाए । त्यो भन्दा अघिल्लो वर्ष २०७२ सालमा सोही बस्तीका पम्फा वनकरियाले सोही विद्यालयबाट एसएलसी उत्तीर्ण गरेका थिए । पम्फा र सन्तोषीसँगै आरती वनकरिया, सम्झना वनकरिया, अनिल वनकरिया र विष्णुमाया वनकरिया गरी अहिलेसम्म सो बस्तीका छ जनाले एसइई उत्तीर्ण गरेका छन् । एसइई उत्तीर्ण गरेकामध्ये सन्तोषीले कक्षा १२ सरहको बाली विज्ञान (जिटिए) उत्तीर्ण गरेका छन् आरती, सम्झना, अनिल कक्षा १२ मा अध्ययनरत छन् । मकवानपुरको हेटौँडा बहुमुखी क्याम्पसमा अध्ययनरत आरती पत्रकारिता क्षेत्रमा पनि थोरै सक्रिय रहेको बताउन्छन् । सो बस्तीका बालबालिकाहरुलाई लक्षित गरी मनहरी गाउँपालिका र केही संस्थाहरुले शैक्षिक अभियानअन्तर्गत बस्तीमै नि:शुल्क ट्युसन कक्षा र विद्यार्थीहरुलाई शैक्षिक सामग्रीहरु उपलब्ध गराएपछि विद्यालय जाने वनकरिया समुदायको बालबालिकाको सङ्ख्या बढ्दै गएको हो । विगतमा प्राथमिक तहको विद्यालय टाढा हुँदा वनकरिया बस्तीबाट विद्यालय जाने बालबालिकाको सङ्ख्या थोरै थियो तर गाउँपालिकाले बस्ती नजिकै २०७९ सालमा चिसापानीबाट चेपाङ आधारभूत विद्यालय सारेपछि अहिले सो बस्तीबाट विद्यालय जाने विद्यार्थीको सङ्ख्या बढेको आरती वनकरिया बताउन्छन् । पहिला पहिला हाम्रो बस्तीका बालबालिकाहरु स्कुल टाढा छ भनेर विद्यालय नगई खेलेरै दिन बिताउने गरेका थिए तर बस्ती नजिकै स्कुल सारिएको र बस्तीमै नि:शुल्क ट्युसन कक्षा सञ्चालन भएपछि बिस्तारै पढाइलेखाइप्रति आकर्षित हुन थालेका छन्", आरतीले चने, "केही वर्षअघिसम्म विद्यालयमा हाम्रो बस्तीका बालबालिका न्यून सङ्ख्यामा मात्र भेट्थ्यो, अहिले विस्तारै विद्यालय जानेको सङ्ख्या बढ्न थालेको छ ।" बनकरिया बस्तीका अभिभावकहरुले पनि शिक्षाको महत्व थाहा नभएका कारण आफ्ना बालबालिकाहरुलाई विद्यालय पठाउन चाहिरहेको थिएनन् । बिस्तारै अभिभावकहरुमा छोराछोरीलाई पढाउनुपर्छ भन्ने चेतनाको बिकास भएको सन्तमाया वनकरिया बताउन्छन् । "जङगलमा फिरन्ते जीवन बिताइरहँदा आफूहरुले पनि पढ्नुपर्छ भने थाहै थिएन्", वनकरिया समाजका अध्यक्षसमेत रहनु भएका सन्तमायाले चने, "अहिले फरक संसारमा आएको महसुस भइरहेको छ ।" बनरया समुदायको शिक्षाको अवस्थामा सुधार ल्याउन स्थानीय सरकारले वनकरिया बस्ती लक्षित शैक्षिक कार्यक्रम सञ्चालन गरिएको मनहरी गाउँपालिका-४ का वडाअध्यक्ष प्रकाश थापाले बताए । "वनकरिया बस्तीका बालबालिकालाई विद्यालयमा भर्ना गराउने, बस्तीकै नि:शुल्क ट्युसन कक्षा सञ्चालन गरेका छौँ", उनले भने, "विद्यालय भर्ना भएका वनकरिया बस्तीका बालबालिकालाई शैक्षिक सामग्री र स्कुल झोला समेत उपलब्ध गराउँदै आएका छौँ ।" महिलाहरुका लागि प्रौढ शिक्षासमेत सञ्चालन गरिएको छ । बिस्तारै समाजमा घुलमिल हुँदै गएकाले वनकरिया समुदायमा चेतनाको विकास भएको छ । *-रासस*

## ग्रामीण विद्यालयमा हस्तकला प्रतियोगिता



टक्सार (भोजपुर), स्थानीय विद्यालयमा अध्ययरत विद्यार्थीलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ यहाँको एक ग्रामीण विद्यालयमा हस्तकला प्रतियोगिता आयोजना गरिएको छ । जिल्लाको भोजपुर नगरपालिका-५, बोखिममा रहेको पञ्चकन्या माध्यमिक विद्यालयमा हस्तकला प्रतियोगिता आयोजना गरिएको प्रधानाध्यापक लक्ष्मण जोशीले बताए । प्रअ जोशीले भने, "स्थानीय कलाकौशल तथा रैथाने प्रविधिको संरक्षण, संवर्द्धन र सीप विकासको उद्देश्यले हस्तकला प्रतियोगिता आयोजना गरिएको हो ।" स्व गङ्गाप्रसाद राई आइओएम तथा मनकुमारी राईको स्मृतिमा आयोजना गरिएको प्रतियोगितामा २८ विद्यार्थीको सहभागिता रहेको थियो । प्रतियोगितामा कक्षा ७ मा अध्ययनरत सागार तामाङ (मालिङ्गोको चित्रा) प्रथम, कक्षा ७ कै अमिसा तामाङ (परालको पीरा) द्वितीय र कक्षा ९ का योगेश श्रेष्ठ (मही पार्ने मदानी) तृतीय भएका छन् । विजयीलाई विद्यार्थीलाई क्रमश: रु पाँच हजार, रु तीन हजार र रु दुई हजारका साथमा प्रमाणपत्र प्रदान गरिएको छ । सबै प्रतियोगी विद्यार्थीले स्थानीय सामग्रीको प्रयोग गरी आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए । विद्यालयस्तरमा हुने यस्ता सीपमूलक कार्यक्रमले विद्यार्थीलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ आफूले प्रयोजन गरेको समाजसेवी तथा शिक्षाप्रेमी शिशिरकुमार राईले बताए । *-रासस*

## माध्यमिक तहका १३ प्रतिशत बालबालिका अझै विद्यालय बाहिर




नेपालमा शिक्षा र बाल सुरक्षाको क्षेत्रमा केही प्रगति भए पनि माध्यमिक तहको शिक्षामा ठुलो सङ्ख्यामा बालबालिका विद्यालय बाहिरै रहेको पाइएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले सोमबार सार्वजनिक गरेको नेपाल बहुसूचक सर्वेक्षण २०८१-८२ अनुसार माध्यमिक विद्यालय (कक्षा ९-१२) उमेर समूहका १३.२ प्रतिशत बालबालिका विद्यालय बाहिर छन् । आधारभूत तहमा भने यो दर केही कम छ, जहाँ कक्षा १-५ मा ४.५ प्रतिशत र कक्षा ६-८ मा ३.६ प्रतिशत बालबालिका शिक्षाको पहुँचबाट टाढा रहेका छन्। सर्वेक्षणले नेपाली बालबालिकाको पारिवारिक अवस्था र वैदेशिक रोजगारीको प्रभावलाई पनि छर्लङ्ग पारेको छ । १७ वर्षमुनिका करिब ३३-२ प्रतिशत बालबालिकाका आमाबाबुमध्ये कोही एक वा दुवै जना विदेशमा बसोबास गर्छन् । वैदेशिक रोजगारीको यो प्रभाव सबैभन्दा बढी गण्डकी प्रदेशमा देखिएको छ, जहाँ ४०.८ प्रतिशत बालबालिकाका अभिभावक विदेशमा छन् भने बागमती प्रदेशमा यो दर सबैभन्दा कम २१ प्रतिशत मात्र छ। त्यस्तै, ३.४ प्रतिशत बालबालिकाले आफ्ना जन्म दिने आमाबाबुमध्ये कोही एक वा दुवैलाई गुमाइसकेको तथ्याङ्कले देखाएको छ । बाल सुरक्षा र कानुनी पहिचानको सवालमा भने कर्णाली प्रदेशले देशकै उत्कृष्ट नतिजा हात पारेको छ। ५ वर्षमुनिका बालबालिकाको जन्मदर्तामा कर्णाली प्रदेश ९५.८ प्रतिशतका साथ पहिलो स्थानमा छ भने कोशी प्रदेशमा सबैभन्दा कम ७८.४ प्रतिशत मात्र जन्म दर्ता भएको छ । समग्रमा देशभरका ८५.४ प्रतिशत बालबालिकाको जन्म दर्ता भएको पाइएको छ । अभिभावकहरूमा जन्म दर्ता प्रक्रियाबारे चेतनाको स्तर पनि ८२.९ प्रतिशत पुगेको देखिन्छ, जुन बाल अधिकारको क्षेत्रमा सकारात्मक उपलब्धि हो । यता स्वास्थ्य बीमाको क्षेत्रमा भने नेपालीहरूको आकर्षण अझै कम देखिएको छ । तथ्याङ्क अनुसार १५ देखि ४९ वर्ष उमेर समूहका १७.८ प्रतिशत महिला र १९.६ प्रतिशत पुरुषले मात्र स्वास्थ्य बीमा गरेका छन् । बालबालिकाको हकमा यो अवस्था झनै कमजोर छ । ५ देखि १७ वर्षका १५ प्रतिशत र ५ वर्षमुनिका ११.७ प्रतिशत बालबालिका मात्र बीमाको दायरामा समेटिएका छन् । *-रातोपाटी डटकम*

## त्रिभुवन विश्वविद्यालयले ल्यायो गण्डकी च्याप्टरको अवधारणा



त्रिभुवन विश्वविद्यालयले उच्च शिक्षासम्बन्धी सेवा प्रवाहलाई व्यवस्थित गर्न गण्डकी च्याप्टरको अवधारणा ल्याएको छ । त्रिविको समग्र पुनर्संरचना अभियानको एक हिस्साका रूपमा रहेको गण्डकी च्याप्टर कार्यशालाको उद्घाटन शनिबार पोखरामा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा दीपक अर्याल र विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा डा देवराज अधिकारीले संयुक्त रूपमा गरे । त्रिभुवन विश्वविद्यालयको रणनीतिक योजना तथा दृष्टिकोणअनुरुप त्रिवि सभाबाट पारित गरिएको गण्डकी प्रदेशस्थित त्रिविको आद्रिक क्याम्पस पृथ्वीनारायण (पिएन) क्याम्पसलाई उपाधि प्रदान गर्ने संस्थामा रूपान्तरण गर्नेसम्बन्धी अवधारणामा व्यापक अन्तर्क्रिया गर्ने उद्देश्यले आयोजित कार्यशाला गोष्ठीले पृथ्वीनारायण क्याम्पसको आवश्यक कार्ययोजना तयार गरी कार्यान्वयनमा लैजाने निर्णयसमेत गरेको छ । कार्यशाला गोष्ठीलाई सम्बोधन गर्दै त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा डा अर्यालले त्रिविको सेवा प्रवाहलाई सरलीकरण गर्ने, विद्यार्थीले प्राप्त गर्नुपर्ने सबै सेवा सुविधालाई नजिकैबाट उपलब्ध गराउने, दीक्षान्त समारोहमा सबै विद्यार्थीहरू उपस्थित हुने अवस्था निर्माण गर्ने, पाठ्यक्रम स्तरीयकरण तथा परीक्षासम्बन्धी कार्यहरूलाई अधिकार प्रत्यायोजन र मौजुदा ऐनको दायरमा रही नियममा परिमार्जन गरी सेवा प्रवाहलाई व्यवस्थित गर्ने योजना रहेको बताए । कार्यक्रममा विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा डा देवराज अधिकारीले त्रिभुवन विश्वविद्यालयले उच्च शिक्षासम्बन्धी सेवा प्रवाहलाई व्यवस्थित गर्न गण्डकी च्याप्टरको अवधारणा ल्याएकामा खुसी व्यक्त गर्दै परिवर्तन र रुपान्तरणका लागि आँट गर्नसमेत पदाधिकारीलाई आग्रह गरे । "हामी सधैँ विगतको अवस्थामा रहन सक्दैनौँ, समाज बदल्ने प्राध्यापकहरू निडर र आत्मविश्वासी बनौँ । दरबन्दी, परीक्षा, प्राविधिक पूर्वाधारका विषयमा अल्झिएर सेवा प्रभावमा सुधार गर्न पछि नहट्न सबवैलाई अनुरोध गर्दछु", उनले भने । त्रिभुवन विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा डा खड्ग केसीले गण्डकी च्याप्टरमार्फत १० वर्षअघिको सपनालाई सार्थकता दिन खोजिएको बताए । गण्डकी च्याप्टरले प्राज्ञिक स्वायत्तताको अनुभूति गराउने, प्रशासनिक र शैक्षिक सेवा प्रभावलाई व्यवस्थित बनाई विद्यार्थीलाई गुणस्तरीय उच्च शिक्षा आर्जन गर्ने वातावरण मिलाउने, सबै शिक्षकलाई पाठ्यक्रम निर्माणलगायतका अनुसन्धान क्रियाकलापमा संलग्न गराउन ऐनमा भएका प्रावधानका आधारमै पृथ्वीनारायण क्याम्पसमा व्यवस्थापन गर्ने जानकारी दिए । त्रिविका रजिष्ट्रार प्रा डा केदारप्रसाद रिजालले गुणस्तरीय शिक्षाका लागि गण्डकी च्याप्टरले उदाहरणीय कार्य गर्ने अपेक्षा व्यक्त गर्दै गण्डकी प्रदेशका आद्रिक क्याम्पस सक्षम छन् र नेतृत्व गर्न सक्छन् भनेर भौतिक, राजनीतिक, कानुनी जटिलताका बाबजुद पृथ्वीनारायण क्याम्पसमार्फत कार्यप्रारम्भ गरिएको बताए । विश्वविद्यालय अनुदान आयोगका सदस्यज्ञसचिव डा ज्ञानबहादुर थापाले त्रिविको व्यवस्थापनका लागि केही दूरदर्शी निर्णय लिनुपर्ने धारणा व्यक्त गर्दै देशभरि केही च्याप्टर निर्माण गरेर थप व्यवस्थित, प्रभावकारी र विश्व परिवेश अनुकूल बनाउनुपर्ने भएकाले आजको दिनलाई ऐतिहासिक मानेर अघि बढ्न सबैलाई अनुरोध गरे । उनले त्रिवि भौतिक र मानवीय संशाधनमा समृद्ध रहेकाले समग्र उच्च शिक्षाको गुणस्तर र व्यवस्थापनमा कुनै पनि प्रकारको सम्झौता नगरी सैँयताको मान्यताअनुरुप आफ्ना निकायलाई व्यवस्थित गर्नुपर्ने धारणासमेत व्यक्त गरे । कार्यक्रममा व्यवस्थापन सङ्कायका डिन प्रा डा महानन्द चालिसे, त्रिवि कार्यकारी परिषद्का सदस्य डा जगतकृष्ण श्रेष्ठ, त्रिवि योजना निर्देशनालयका निर्देशक डा लक्ष्मीकान्त शर्मा, त्रिवि सभा तथा कार्यकारी परिषद्को कार्यालयका प्रमुख नवीन्द्रप्रसाद भण्डारी, शिक्षाध्यक्ष कार्यालयका प्रमुख गोविन्द थापा, रजिष्ट्रार कार्यालयका प्रमुख कमलप्रसाद घिमिरेलगायत गण्डकी प्रदेशमा रहेका त्रिविका सात ओटै आद्रिक क्याम्पसका क्याम्पस प्रमुख, पृथ्वीनारायण क्याम्पसमा कार्यरत प्राध्यापक, कर्मचारी तथा विद्यार्थीको उपस्थिति रहेको थियो । *-रासस*

# बुधबार रातिदेखि सवारी सञ्चालनमा रोक




**पाल्पा,** फागुन १७/ फागुन २० गते बुधबार राति १२:०० बजेदेखि मतदान सम्पन्न नहुँदासम्मका लागि सवारी सञ्चालनमा रोक लगाइएको छ । निर्वाचन आयोगले फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनको प्रभावकारी सुरक्षा व्यवस्था मिलाउन सार्वजनिक तथा निजी सवारीसाधन सञ्चालनमा रोक लगाउने निर्णय गरेको हो ।

मतदानको दिन अत्यावश्यक सेवाका सवारीसाधन (एम्बुलेन्स, दमकल, शववाहन, रक्तसञ्चार सेवाका साधन, सुरक्षा निकायका सवारीसाधन, विद्युत् मर्मत, खानेपानी तथा ढल मर्मत, दूरसञ्चार सेवा मर्मतका लागि प्रयोग हुने) भने सञ्चालन हुने छन् । कूटनीतिक नियोगका सवारीसाधन र निर्वाचनको दिनमा प्रयोग गर्नेगरी पास प्राप्त गरेका सवारीसाधन पनि चल्नेछन् । अन्य सार्वजनिक तथा निजी सवारीसाधन भने फागुन २० गते राति १२:०० बजेदेखि फागुन २१ गते साँझ मतदान सम्पन्न नभएसम्मका लागि सञ्चालनमा रोक लगाउने निर्णय गरेको आयोगले जनाएको छ । फागुन १८ गते राति १२:०० बजेदेखि भने मौन अवधि सुरु हुने छ । मतदानको दिनमा अन्तर्राष्ट्रिय तथा आन्तरिक हवाई उडानहरू भने यथावत् सञ्चालनको व्यवस्था मिलाइएको छ ।अन्तरराष्ट्रिय र आन्तरिकतर्फका हवाई उडानका लागि टिकट भएका यात्रुलाई विमानस्थलबाट घर बसोवास गर्ने होटलसम्म र घर/बसोवास गर्ने होटलबाट विमानस्थलसम्म यात्रा गर्दा निजी वा सम्बन्धित एयरलाइन्सले उपलब्ध गराएको सवारी साधन प्रयोग गर्न दिने व्यवस्था मिलाइएको आयोगले जनाएको छ ।

## निर्वाचन नजिकिँदै...

...घरदैलो कार्यक्रम, टोलसभा, कोणसभा र अन्तर्क्रियाका कार्यक्रम दैनिकजसो भइरहँदा जिल्लाभर चहलपहल उल्लेख्य रूपमा बढेको देखिन्छ । पछिल्ला दिनमा उम्मेदवार तथा तीनका समर्थक गाउँगाउँ र टोलटोलमा पुगिरहेका छन् । चुनावी प्रचारप्रसारका लागि सवारीसाधनको प्रयोग बढेको छ भने मोटरसाइकल र गाडीको आवतजावतले बजार क्षेत्रमा भीडभाड पनि बढाएको छ । मुख्य सडक, चोकचोकमा झण्डा, ब्यानर र पोस्टरले सजिएका छन् । मानिसको बढ्दो आवतजावतसँगै स्थानीय होटल, खाजा पसल तथा रेष्टुरेन्टमा ग्राहकको सङ्ख्या बढेको व्यवसायी बताउँछन् । विशेषगरी चुनावी टोली बिहानको खाजा, दिउँसोको खाना तथा साँझको नास्ताका लागि होटलमा पुग्ने क्रम बढेको छ । यसले गर्दा तरकारी, मासु, दूध, दही, अन्डालगायत दैनिक उपभोग्य वस्तुको माग पनि उकालो लागेको छ । घोराही, तुलसीपुरलगायतका मुख्य बजार क्षेत्रमा रहेका होटल व्यवसायीका अनुसार विगत केही हप्तायता व्यापारमा केही सुधार देखिएको छ । "अहिले चुनावी टोली दैनिकजसो आउँछन् । चुनावका लागि खटेका खाना खाने हुँदा बिक्री केही बढेको छ", एक होटल व्यवसायीले भने । तर उनीहरूका अनुसार यो वृद्धि स्थायी प्रकृतिको नभइ चुनावी गतिविधिसँग मात्र सीमित छ । यस्तै, प्रचारप्रसार सामग्री उत्पादन गर्ने छापाखाना तथा डिजिटल प्रिन्टिङ पसलमा पनि कारोबार बढेको छ । पर्चा, पम्पलेट, ब्यानर, फ्लेक्स तथा स्टिकर छपाइका माग बढेका छन् । केही पसलले त अतिरिक्त समय काम गर्नुपरेको बताएका छन् । "उम्मेदवारले छोटो समयमै धेरै सामग्री तयार गर्नुपर्ने हुन्छ । त्यसैले अहिले कामको चाप छ", एक प्रिन्टिङ व्यवसायीले भने । यद्यपि, बजारमा देखिएको भीडभाड र चहलपहल आर्थिक रूपमा अपेक्षाकृत सन्तोषजनक नभएको व्यवसायीको भनाइ छ । जिल्ला उद्योग वाणिज्य सैका वरिष्ठ उपाध्यक्ष नरेशकुमार श्रेष्ठले चुनावी समयमा बजार चलायमान हुने अपेक्षा गरिए पनि वास्तविक अवस्था त्यस्तो नरहेको बताए । "चुनावको समयमा व्यापार व्यवसाय बढ्नुपर्ने हो, तर त्यो हालसम्म स्पष्ट रूपमा देखिएको छैन्", उनले भने, "भीडभाड बढेको छ, तर त्यसअनुसारको आर्थिक गतिविधि विस्तार हुनसकेको छैन ।" उनका अनुसार विगतका निर्वाचनमा जस्तै यसपटक पनि व्यवसायीले व्यापार वृद्धि हुने आशा गरेका थिए । तर, बढ्दो महँगी, उपभोक्ताको क्रयशक्ति कमजोर हुनु र आर्थिक तरलताको अभावका कारण बजार अपेक्षाअनुसार चलायमान हुन नसकेको उनले बताए । "मानिस खर्च गर्न सचेत भएका छन् । चुनावी माहोलले मात्र दीर्घकालीन आर्थिक सुधार ल्याउन सक्दैन", उनले भने । चुनावले गर्दा मात्रै बजारमा भीडभाड देखिएको उनको भनाइ छ । चुनावले केही मात्रामा व्यापार व्यवसायमा वृद्धि भएको चेम्बर अफ कर्मसका अध्यक्ष विकास अग्रवालले बताए । तर व्यवसायीको अपेक्षाअनुसार बढ्न नसकेको उनको भनाइ छ । "व्यवासायीको अपेक्षाअनुसार बजार चलायमान हुनसकेको छैन", उनले भने । अहिले सवारीसाधन, होटेल रेष्टुरेन्ट, चिया हाउस, कफी हाउसको व्यापार वृद्धि भएको उनले बताए । यससँगै जोडिएका क्षेत्रमा पनि केही वृद्धि भएको पाइएको अध्यक्ष अग्रवाल बताउन्छन् ।

*---रासस*

### खेलकुद समाचार

## पाकिस्तान विश्वकपको सेमिफाइनलमा पुग्न सकेन



**काठमाडौं,** फागुन १७/श्रीलङ्कालाई हराए पनि पाकिस्तान आईसीसी टी-२० विश्वकप क्रिकेटको सेमिफाइनलमा पुग्न असफल भएको छ । पल्लेकेलेमा हिजो भएको खेलमा पाकिस्तानले घरेलु टोली श्रीलङ्कालाई ५ रनले हरायो । पाकिस्तानले दिएको २ सय १३ रनको लक्ष्य पछ्याएको श्रीलङ्काले २० ओभरमा ६ विकेट गुमाएर २ सय ७ रन मात्र बनाउन सक्यो । श्रीलङ्काका कप्तान दसुन शनाकाले नटआउट ७६ रन, पवन रथनायकेले ५८ रन बनाए । पाकिस्तानका अब्रार अहमदले ३ विकेट लिए । यसअघि टस हारेर ब्याटिङ गरेको पाकिस्तानले २० ओभरमा ८ विकेट गुमाएर २ सय १२ रन बनायो । पाकिस्तानका शाहिबजादा फरहानले १०० रन, फखर जमानले ८४ रन बनाए । श्रीलङ्काका दिनशान मदुशन्काले ३ विकेट लिए । सेमिफाइनलमा पुग्नका लागि पाकिस्तानले श्रीलङ्कालाई १ सय ४५ रनमा रोक्नुपर्ने थियो । योसँगै 'सुपर-एट' को समूह २ बाट न्युजिल्यान्ड नेट रनरेटमा अघि रहेर सेमिफाइनलमा पुगेको छ । श्रीलङ्का यसअघि नै बाहिरिइसकेको थियो । यो समूहबाट यसअघि इङ्गल्यान्ड सेमिफाइनलमा पुगिसकेको छ । भारत र वेस्ट इन्डिजबीचको खेलको विजेता सेमिफाइनलमा पुग्ने अन्तिम टोली बन्नेछ । जिम्बावे यसअघि नै बाहिरिइसकेको छ । १०औं संस्करणको प्रतियोगिताको फाइनल खेल आउँदो आइतवार फागुन २४ गते हुनेछ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


### अर्थ/कर्पोरेट समाचार

## नेप्से बढ्यो



**काठमाडौं,** फागुन १७/सेयर कारोबार मापक नेप्से परिसूचक बढेको छ । आइतबार १९ दशमलव २७ अंकले बढेको हो ।

शून्य दशमलव ७२ प्रतिशतले वृद्धि भएको नेप्से २ हजार ६ सय ७४ दशमलव २० विन्दुमा उक्लिएको छ । यो शून्य दशमलव ७२ प्रतिशतको वृद्धि हो । सो अवधिमा ३ सय ४१ कम्पनीको एक करोड ३१ लाख ९३ हजार ४६२ कित्ता शेयर ५५ हजार २०६ पटक खरिद बिक्री हुँदा पाँच अर्ब ६४ करोड ८३ लाख १९ हजार ४१ दशमलव ३६ को कारोबार भएको छ । सबै समूहको उपसूचक बढेको छ । सलपा विकास बैंक लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी नौ दशमलव ९९ प्रतिशतले बढेको छ । सबैभन्दा बढी हिमस्टार ऊर्जा कम्पनी लिमिटेडको शेयर मूल्य चार दशमलव १६ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा बढी राधी विद्युत् कम्पनी लिमिटेडको ३६ करोड पाँच लाख तीन हजार १४० बराबरको कारोबार भएको छ । त्यस्तै कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी अपि पावर कम्पनी लिमिटेडको १० लाख ४९ हजार ८४४ कित्ता शेयर किनबेच भएको नेप्सेले जनाएको छ । हिमस्टार ऊर्जा कम्पनीको ४ दशमलव १६, र कर्पोरेट विकास बैंकको ३ दशमलव ६१ प्रतिशतले सेयर मूल्य घट्यो ।



मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई